नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७७-०६/०४ को निर्णय अनुसार स्वीकृत

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

# न्यूनतम समर्थन मूल्यमा धान खरिद र व्यवस्थापन गर्ने सम्बन्धी निर्देशिका, २०७७

प्रस्तावनाः नेपाल सरकारले निर्धारण गरेको मूल्यमा कृषकबाट धान खरिद गर्ने व्यवस्था गरी न्यूनतम समर्थन मूल्यको कार्यान्वयन सुनिश्चित गर्न वान्छनीय भएकाले,

सुशासन (व्यवस्थापन तथा संचालन) ऐन, २०६४ को दफा ४५ ले दिएको अधिकार प्रयोग गरि नेपाल सरकारले देहायको निर्देशिका बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ :-** (१) यस निर्देशिकाको नाम "न्यूनतम समर्थन मूल्यमा धान खरिद र व्यवस्थापन गर्ने सम्बन्धी निर्देशिका, २०७७" रहेको छ ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा :- विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,-

(क) "उत्पादक" भन्नाले धान उत्पादन गर्ने कृषक, कृषक समूह वा कृषि सहकारी संस्था सम्झनु पर्छ ।

(ख) "निर्देशक समिति" भन्नाले दफा १५ बमोजिमको निर्देशक समिति सम्झनु पर्छ ।

(ग) "न्यूनतम समर्थन मूल्य" भन्नाले कृषकको उत्पादन तथा अन्य लागत जोडी नेपाल सरकारले निर्धारण गरेको समर्थन मूल्य सम्झनु पर्छ ।

(घ) "परियोजना कार्यान्वयन इकाई" भन्नाले प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गतको जिल्लास्थित परियोजना कार्यान्वयन इकाई सम्झनु पर्छ ।

(ङ) "मन्त्रालय" भन्नाले कृषि तथा पशुपन्छी विकास मन्त्रालय सम्झनु पर्छ ।

(च) "सहकारी संस्था" भन्नाले प्रचलित कानून बमोजिम दर्ता भएको सहकारी संस्था सम्झनु पर्छ ।

(छ) "सूचीकृत सहकारी संस्था" भन्नाले यस निर्देशिकाको दफा ४ बमोजिम सूचीकृत सहकारी संस्था सम्झनु पर्छ ।

३. **सहकारी संस्थालाई सूचीकृत हुनको लागि सूचना प्रकाशन गर्ने :-** (१) परियोजना कार्यान्वयन इकाईले उत्पादकबाट न्यूनतम समर्थन मूल्यमा आफ्नो जिल्लाभित्र धान

नि. सचिव

खरिद गर्न चाहने सहकारी संस्थाहरूलाई सूचीकृत हुनको लागि पन्ध्र दिनको अवधि दिई धानको खरिद सिजन शुरु हुनु भन्दा अगावै सूचना प्रकाशन तथा प्रशारण गर्नु पर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि आर्थिक वर्ष २०७७/७८ को हकमा उत्पादकबाट न्यूनतम समर्थन मूल्यमा धान खरिद गर्न चाहने सहकारी संस्थाले परियोजना कार्यान्वयन इकाइमा सोझै निवेदन दिन सक्ने छ र त्यसको लागि सूचना प्रकाशन गरिरहनु पर्ने छैन ।

४. निवेदन दिई सूचीकृत हुनु पर्ने :- (१) दफा ३बमोजिमको सूचना प्रकाशन भएपछि उत्पादकबाट न्यूनतम समर्थन मूल्यमा धान खरिद गर्न चाहने सहकारी संस्थाले देहायको विवरण खुलाई सो सूचनामा तोकिएको अवधिभित्र परियोजना कार्यान्वयन इकाईमा सूचीकरणको लागि निवेदन दिनु पर्नेछ :-

(क) सहकारी संस्थाको नाम र ठेगाना,

(ख) सहकारी संस्थाको शेयर पूँजि,

(ग) सहकारी संस्थाको कारोवार रकम,

(घ) सहकारी संस्थाको कार्य क्षेत्र,

(ङ) खरिद गर्न चाहेको धानको परिमाण, किसिम,

(च) धान खरिद गर्न चाहेको स्थानीय तह तथा वडा समेत खुल्ने गरी ईच्छुक क्षेत्र,

(छ) धान खरिदको लागि आवश्यक रकमको व्यवस्था र त्यसको स्रोत,

(ज) खरिद गरेको धान भण्डारण तथा व्यवस्थापन सम्बन्धी विवरण,

(झ) धान खरिद, ढुवानी भण्डारण, प्रशोधन एवं वजार व्यवस्थापन सम्बन्धी विवरण तथा त्यसको लागि आवश्यक साधन, उपकरण तथा जनशक्तिको व्यवस्थापन सम्बन्धी विवरण, र

(ञ) धान खरिद बिक्रिको लागि आवश्यक पर्ने अन्य विवरण ।

नि. सचिव

(२) उपदफा (१) बमोजिम दिइने निवेदन साथ सहकारी संस्था दर्ता तथा नवीकरणको प्रमाणको प्रतिलिपि तथा परियोजना कार्यान्वयन इकाईले माग गरेका आवश्यक कागजातको प्रतिलिपि समेत संलग्न गर्नु पर्नेछ ।

(३) परियोजना कार्यान्वयन इकाईले उपदफा (१) बमोजिम प्राप्त निवेदनको आधारमा धान खरिद गर्ने सहकारी संस्थाको दफा ३ बमोजिम प्रकाशन भएको सूचनाको अवधि समाप्त भएको मितिले सात दिनभित्र छनौट गरी सूचीकरण गर्नु पर्नेछ । त्यसरी सूचीकृत सहकारी संस्थाको नाम र ठेगाना सहितको विवरणको सूचना सार्वजनिक गर्नु पर्नेछ ।

५. **धान खरिदका लागि क्षेत्र निर्धारण गर्ने :-** (१) परियोजना कार्यान्वयन इकाईलेसूचीकृत सहकारी संस्थाले धान खरिद गर्ने स्थानीय तह र वडा समेत खुलाई सम्बन्धित जिल्ला भित्रको धान खरिद गर्ने कार्यक्षेत्र निर्धारण गरिदिने छ । यसरी क्षेत्र निर्धारण गर्दा संभव भएसम्म सहकारी संस्थाको कार्यक्षेत्र वा निजले माग गरेको स्थानीय तह वा वडाको आधारमा निर्धारण गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि सूचीकृत कुनै सहकारी संस्थालाई सो उपदफा बमोजिम निर्धारण गरिएको खरिद गर्ने कार्यक्षेत्रबाट धान खरिद गर्न नसकेको अवस्थामा सोही कार्यक्षेत्रको वा सो कार्यक्षेत्र भन्दा बाहिर कार्यक्षेत्र भएको अर्को सूचीकृत सहकारी संस्थाले समेत त्यस्तो क्षेत्रको धान समेत खरिद गर्न सक्ने गरी परियोजना कार्यान्वयन इकाईले कार्यक्षेत्र निर्धारण तथा संशोधन गरिदिन सक्नेछ ।

(३) परियोजना कार्यान्वयन इकाईले यस दफा बमोजिम कार्यक्षेत्र निर्धारण गरेको जानकारी सम्बन्धित सहकारी संस्था र कार्यक्षेत्र पर्ने सम्बन्धित स्थानीय तहको वडा कार्यालयलाई दिनु पर्नेछ ।

६. **उत्पादकको विवरण संकलन गर्ने :-** (१) सूचीकृत सहकारी संस्थाले दफा ५ बमोजिम निर्धारित क्षेत्रका धान विक्रि गर्न चाहने उत्पादकबाट खरिद गर्नु पर्ने धानको अनुमानित परिमाणको यकिन गर्न उत्पादक र विक्रि गर्न चाहेको धानको विवरण माग गरी सार्वजनिक रुपमा सूचना प्रकाशन गर्न सक्नेछ ।

(२) सूचीकृत सहकारी संस्थाले उपदफा (१) बमोजिम प्रकाशित सूचना बमोजिम प्राप्त उत्पादकको विवरण तथा खरिद गर्नु पर्ने धानको अनुमानित परिमाणको एकीकृत विवरण परियोजना कार्यान्वयन इकाईलाई दिनु पर्नेछ ।

नि. सचिव

(३) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि यो दफा प्रारम्भ हुनु अघिबाट नै धान खरिदको काम गरिरहेका सहकारी संस्थाले यस दफा बमोजिमको सूचना प्रकाशन गरी रहनु पर्ने छैन ।

७. **उत्पादकको इच्छा अनुसार हुने :-** यस निर्देशिकामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि आफूले उत्पादन गरेको धान न्यूनतम समर्थन मूल्य बिक्रि गर्ने नगर्ने वा कसलाई बिक्रि गर्ने भन्ने सम्बन्धमा सम्बन्धित उत्पादकको इच्छा अनुसार हुनेछ ।

८. **धान खरिद गर्नु पर्ने :-** (१) सूचीकृत भएका सहकारी संस्थाले दफा ५ बमोजिम निर्धारित कार्यक्षेत्रका उत्पादकको धान न्यूनतम समर्थन मूल्यमा खरिद गर्नु पर्नेछ ।

(२) उपदफा (१) को प्रयोजनको लागिसूचीकृत सहकारी संस्थाले सम्बन्धित क्षेत्रको धान खरिद गरिने मिति, खरिदको लागि निर्धारित स्थल वा केन्द्र र त्यसरी खरिद गरिएको धानको खरिद मूल्य, भुक्तानी हुने समय र विधि सम्बन्धित सबैलाई जानकारी गराउनु पर्नेछ ।

९. **धानको गुणस्तर र मुल्य :-** (१) सहकारी संस्थाले धान खरिद गर्दा बढीमा अठार प्रतिशतसम्म चिस्यान भएको धान न्यूनतम समर्थन मूल्यमा खरिद गर्नु पर्नेछ ।

(२) उपदफा (१) मा उल्लेख भए भन्दा बढी प्रतिशतमा चिस्यानको मात्रा भएको धानका लागि थप प्रति एक प्रतिशत बढी चिस्यान बराबर १,२०० ग्राम प्रति क्विन्टलका दरले हुन आउने तौललाई घटाइ कायम हुन आउने तौलका आधारमा खरिद गर्नु पर्नेछ।

(३) खरिद गरिने धानको अन्य गुणस्तरको मापदण्ड अनुसूचीमा उल्लेख भए बमोजिम हुनेछ ।

१०. **उत्पादकलाई रकम भुक्तानी गर्ने :-** (१) सूचीकृत सहकारी संस्थाले उत्पादकबाट उत्पादित धान प्रत्यक्ष रुपमा खरिद गरी त्यसरी खरिद गरेको दिनमा वा खरिद गरेको मितिले पन्ध्र दिनभित्र सम्बन्धित उत्पादकको बैंक खातामा रकम भुक्तानी गरि सक्नु पर्नेछ ।

(२) सूचीकृत सहकारी संस्थाले उपदफा (१) बमोजिम रकम भुक्तानी गरेको जानकारी रकम भुक्तानी गरेको उत्पादकको नाम थर ठेगाना, भुक्तानी गरिएको रकम तथा खाता रहेको बैंक तथा बैक खाता नम्बर, खरिद गरेको धानको कुल परिमाण उल्लेख गरी परियोजना कार्यान्वयन इकाईलाई समेत दिनु पर्नेछ ।

११. **अनुदान उपलब्ध गराउने :-** (१) दफा १० बमोजिम धान खरिद गरेको रकम उत्पादकलाई भुक्तानी गरेको जानकारी परियोजना कार्यान्वयन इकाईलाई प्राप्त भएपछि परियोजना कार्यान्वयन इकाईले उत्पादकले रकम भुक्तानी पाए नपाएको जाँच गरी भुक्तानी पाएको देखिएमा खरिद गरेको धानको भण्डारण, सुरक्षा र प्याकेजिङ्ग लगायतका खर्च व्यवस्थापनका लागि प्रति क्वीन्टलको एकसय बाह्र रुपैंयाको दरले खरिद गरेको धानको परिमाण बमोजिम हुन आउने अनुदान बापतको एकमुष्ट रकम सम्बन्धित सूचीकृत सहकारी संस्थाको बैक खातामा जम्मा गरी दिनेछ ।

(२) एक सिजनमा अधिकतम ५,००० मे.टन सम्मका लागि मात्र उपदफा (१) बमोजिमको अनुदान उपलब्ध गराईनेछ। सो परिमाण धान भन्दा बढी खरिद गर्नु पर्ने अवस्था भएमा सूचीकृत सहकारी संस्थाले जिल्ला कार्यान्वयन समितिबाट पूर्ब स्वीकृती लिनु पर्नेछ ।

(३) परियोजना कार्यान्वयन इकाईले सूचीकृत सहकारी संस्थाले खरिद गरेको धानको परिमाण र अनुदान वापत भुक्तानी गरेको रकमको विवरण प्रत्येक पन्ध्र दिनभित्र निर्देशक समितिलाई उपलव्ध गराउनु पर्नेछ ।

१२. **सूचीकृत सहकारी संस्थाले पालना गर्नुपर्ने शर्तहरु :-** (१) सूचीकृत सहकारी संस्थाले प्रचलित कानून बमोजिम पालना गर्नु पर्ने शर्तका अतिरिक्त देहायका शर्तहरुको पालना गर्नु पर्नेछ :-

(क) निर्देशिकाको पालना गर्ने,

(ख) धानको खरिद, भण्डारण, बिक्री सम्बन्धी न्यूनतम मापदण्डहरुको पालना गर्ने,

(ग) कृषकहरुलाई उपजहरुको भूक्तानी तोकिएकै समयमा उपलब्ध गराउनु पर्ने ।

(२) सूचीकृत सहकारी संस्थाले खरिद गरेको धानको परिमाण अनुसारको रकम यस निर्देशिकामा उल्लेख भएको अवधिभित्र उत्पादकलाई भुक्तानी नदिएमा प्रचलित कानून बमोजिम कारवाही गरिनेछ ।

१३. **धान खरिदका लागि बजेट व्यवस्थापन :-** कृषकहरुको धान खरिदका लागि आवश्यक बजेट खरिदकर्ता स्वयंले व्यवस्थापन गर्नु पर्नेछ । यसरी खरिद गर्ने खरिदकर्ताका लागि आवश्यक भण्डार घर लगायतका पूर्वाधार, धान प्रशोधनका मेशिनरी उपकरणहरु खरिदमा मन्त्रालयले प्राथमिकता दिन सक्नेछ ।

नि. सचिव

१४. **विद्यमान संरचनाको उपयोग गर्न सकिने** (१) सूचीकृत सहकारी संस्थाले खरिद गरिएको धान भण्डारणको लागि नेपाल सरकार मातहतको खाद्य व्यवस्था तथा व्यापार कम्पनीका गोदामहरु लगायत नेपाल सरकार, प्रदेश सरकारका वा सरकारी निकायका भण्डारणको लागि उपयुक्त संरचनाहरुको उपयोग गर्न सकिनेछ ।

(२) सूचीकृत सहकारी संस्थाले खरिद गरेको धान भण्डारण गर्दा धानको गुणस्तरमा ह्रास नहुने गरी उपयुक्त तरिकाले भण्डारण गर्नुपर्नेछ। त्यसरी भण्डारण गरिएको स्थान तथा गोदामको विवरण परियोजना कार्यान्वयन इकाईमा दिनु पर्नेछ ।

१५. **निर्देशक समिति :-** (१) यस निर्देशिका बमोजिम सञ्चालन हुने धान खरिद कार्यक्रमको मार्गदर्शनको लागि मन्त्रालयमा देहाय बमोजिमको निर्देशक समिति रहनेछः–

(क) सचिव, मन्त्रालय – संयोजक

(ख) सहसचिव, कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन महाशाखा, मन्त्रालय – सदस्य

(ग) महानिर्देशक, कृषि विभाग – सदस्य

(घ) महानिर्देशक, खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग – सदस्य

(ङ) सहसचिव, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय – सदस्य

(च) प्रतिनिधि, केन्द्रिय कृषि सहकारी संघ – सदस्य

(छ) परियोजना निर्देशक, प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना – सदस्य सचिव

(२) निर्देशक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–

(क) न्यूनतम समर्थन मूल्य कार्यान्वयन सहजीकरण गर्ने,

(ख) धान उत्पादन क्षेत्रहरुको अनुगमन र समन्वय गर्ने,

(ग) खरिद गरिने धानको गुणस्तर तथा खरिदकर्ताले खरिद गरेको धान भण्डारणको सम्बन्धमा आवश्यक निरीक्षण गर्ने वा गराउने व्यवस्था मिलाउने, र

(घ) यस निर्देशिका बमोजिम सञ्चालित कार्यक्रमको अनुगमन गर्ने ।

(३) निर्देशक समितिले समितिको बैठकमा आवश्यकता अनुसार सम्बन्धित प्रदेश सरकारका कृषि विषय हेर्ने मन्त्रालयका सचिवहरुलाई आमन्त्रित गर्न सक्नेछ ।

(४) निर्देशक समितिले आफ्नो बैठकको कार्यविधि आफै निर्धारण गर्न सक्नेछ ।

१६. **जिल्ला कार्यान्वयन समिति :-** (१) यस निर्देशिका बमोजिम सञ्चालन हुने धान खरिदको कार्यमा सहयोग, समन्वय तथा सहजीकरणका लागि प्रत्येक जिल्लामा देहाय बमोजिमको जिल्ला कार्यान्वयन समिति रहनेछः-

(क) प्रमुख, परियोजना कार्यान्वयन इकाई – संयोजक

(ख) प्रदेश सरकारको जिल्ला स्थित कृषि विषय हेर्ने कार्यालय प्रमुख वा निजले तोकेको अधिकृत, – सदस्य

(ग) सम्बन्धित स्थानीय तहको कृषि शाखा प्रमुख, – सदस्य

(घ) परियोजना कार्यान्वयन इकाई प्रमुखले तोकेको सूचीकृत सहकारी संस्थाहरु मध्येबाट एक जना प्रतिनिधि – सदस्य

(ङ) अधिकृत, परियोजना कार्यान्वयन इकाई – सदस्य सचिव

(२) उपदफा (१) बमोजिमको जिल्ला कार्यान्वयन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) सूचीकृत सहकारी संस्था र उत्पादकका विचमा धान खरिद बिक्रि तथा रकम भुक्तानी सम्बन्धमा सहजीकरण तथा समन्वय गर्ने,

(ख) न्यूनतम समर्थन मूल्यमा धानको खरिद विक्रि भए नभएको सम्बन्धमा अनुगमन गर्ने गराउने, र

(ग) खरिद गरिने धानको गुणस्तर तथा खरिदकर्ताले गरेको धान भण्डारण स्थलको आवश्यक निरीक्षण गर्ने वा गराउने ।

(३) उपदफा (१) बमोजिमको जिल्ला कार्यान्वयन समितिको बैठकमा सो समितिले आवश्यकता अनुसार सम्बन्धित विषयका बढीमा दुई जना विज्ञलाई आमन्त्रित गर्न सक्नेछ ।

नि. सचिव

(४) उपदफा (१) बमोजिमको जिल्ला कार्यान्वयन समितिको बैठक सम्बन्धी अन्य व्यवस्था सो समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

# अनुसूची

(दफा ९ को उपदफा (३) संग सम्बन्धित)

## खरिद गरिने धानको गुणस्तर मापदण्ड

| धानको किसिम | चिस्यान प्रतिशत | बाह्य पदार्थ अधिकतम प्रतिशत | बिग्रेको दाना अधिकतम प्रतिशत | मिश्रण (कमशल जातको ) अधिकतम प्रतिशत |
|---|---|---|---|---|
| मोटा | १८ | २ | ५ | १० |
| मध्यम | १८ | २ | ५ | - |